**नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय**
**Note Counting Machine (Medium) आपुर्ति गर्ने वारेको**
**सिलबन्दी दरभाउपत्र आहवानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०७२/१२/२१)**

यस कार्यालयको लागि **'Note Counting Machine (Medium)** आपुर्ति गरी संचालन गर्ने कार्य सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा गराउनू पर्ने भएकोले इजाजत प्राप्त फर्म/संस्था/कम्पनिहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएकोछ ।

१. दरभाउपत्र पेश गर्दा नोटकाउन्टिङ मेशिन र सोसंग सम्वन्धित सामानहरुको ढूवानी र परीक्षण गरी हस्तान्तरण हूंदासम्मको खर्च समेत (मुल्य अभिवृद्धि कर सहित) खूलाई पेश गर्नूपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन अपरान्ह ४.०० वजे भित्र नेपाल राष्ट्र बैंक जनकपूर कार्यालयवाट रु.५००।- (अक्षरेपी पांच सय मात्र) (पछि फिर्ता नहूने गरी) खाता नं.१६००००० -०३०-००२-५२४ ना.नो.आ.हि.फूटकरमा बूझाई खरिद गर्न सकिनेछ । दरभाउपत्र फारम खरीद गर्दा अधिकारिक व्यक्तिको सहि र कार्यालयको छाप अनिवार्य रुपमा भएको एकिन सम्वन्धित दरभाउपत्रदाताले स्वयं गर्नूपर्नेछ ।

३. दरभाउपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मिति देखि १५ औं दिन अपरान्ह ५.०० वजे भित्र नेपाल राष्ट्र बैंक जनकपूर कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नूपर्नेछ । शिलबन्दी दरभाउपत्रदाताले शिलबन्दी खामको बाहिरपट्टी शीरमा **'Note Counting Machine (Medium)** सप्लाई गर्ने वारे' भन्ने लेखि श्री निर्देशक, नेपाल राष्ट्र बैंक जनकपूर कार्यालयलाई सम्बोधन गरिएको हूनू पर्नेछ ।

४. यसरी दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु १६ औं दिन अपरान्ह ३.०० वजे दरभाउपत्र दाताहरु स्वयं वा प्रतिनीधिहरुको उपस्थितिमा खोलिनेछ । फर्म/कम्पनिका प्रतिनीधि उपस्थित नभए पनि दभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य कार्यालय खूलेको पहिलो दिन गरिनेछ ।

६. शिलबन्दी दरभाउपत्र प्रस्तावमा बिक्री मुल्य उल्लेख गर्दा नेपाल सरकारको प्रचलित नियमानूसार लाग्ने मुल्य अभिबृद्धी कर समाबेश गरी शिलवन्दी दरभाउपत्र फारमको तोकिएको स्थानमा कुल विक्री मुल्य अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नू पर्नेछ ।

७. शिलवन्दी दरभाउपत्र फारम पेश गर्दा कार्यसम्पादन जमानत (विडबण्ड) वापत रु.२१,०००।- (अक्षरपी एकाईस हजार मात्र)को नेपाल राष्ट्र बैंक जनकपूर कार्यालयको पक्षमा जारी भएको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५(पचहत्तर) दिन मान्य अवधि रहेको) बैंक जमानत वा नेपाल राष्ट्र बैंक, जनकपूर स्थित सण्ड्री केडिटर्स हिसाब नं.१६०९९९९-०११-०००-५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर संलग्न हूनू पर्नेछ । शिलवन्दी दरभाउपत्र स्वीकृत भए पश्चात शिलवन्दी दरभाउपत्र नपरेका शिलवन्दी दरभाउपत्रदाताको विडवण्ड वापतको रकम बिना व्याज फिर्ता गरिनेछ ।

८. ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्र दाताले सिलवन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नूपर्नेछ ।(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म, संस्था वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपी, (ख) व्यवसाय दर्ताको इजाजत पत्रको प्रतिलिपी, (ग) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपी,,(घ)सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट आ.व.२०७१।७२ को कर चूक्ताको प्रमाणपत्रको प्रतिलिपी (ङ) दरभाउपत्र दाताले प्रस्तावित नोटकाउन्टिङ मेशिनको नेपाल स्थित अधिकारीक विकेताको प्रमाणपत्र प्रतिलिपी, (च) दरभाउदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेसा वा व्यवसाय सम्वन्धि कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा घोषणा (छ) कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु ।

९. दरभाउपत्र सम्वन्धि अन्य शर्तहरु दरभाउपत्र फारम, सार्वजनिक खरीद ऐन, २०७१ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ मा उल्लेख भए वमोजिम हूनेछ । रीत नपूगेको दरभाउपत्र उपर कूनै कारवाही गरिने छैन । पर्न आएका शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, जनकपूर कार्यालयको आन्तरिक प्रशासन फांटमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**निर्देशक**